Email: gaidahawagaupalika@gmail.com
Website: gaidahawamun.gov.np

# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाकोकार्यालय
## गैडहवा–३,विष्णुपुरा रुपन्देही

प्रथम पटक प्रकाशित मितिः २०८०/०४/३१

प.स:०८०/०८१
च.नं/राजस्व/

### क्यान्टिन संचालन दरभाउपत्र आह्वान सम्बन्धी सूचना ।

यस गैडहवा गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालयको कम्पाउण्ड भित्र रहेको क्यान्टिन संचालन गर्न आवश्यक परेकोले यस गाउँपालिकामा सूचीकृत भएका होटल तथा खाजा नास्ता संचालन गर्ने फर्म तथा व्यवसायीहरुले संस्था दर्ताको प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ताको प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस गाउँपालिकाबाट दरभाउपत्र खरिद गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

मेनु र दरः

| क्र.सं. | विवरण | गाउँपालिकाको दर |
|---|---|---|
| १. | शाकाहारी खाना (दाल,भात,तरकारी साग अचार) | १२० |
| २. | मांसाहारी खाना (चिकन,दाल,तरकारी, अचार सहित) | १५० |
| ३. | रोटी नास्ता सेट (४ वटा रोटी,तरकारी, चटनी) प्रति रोटी १० का दरले | ६० |
| ४. | मटन खाना (मटन, दाल, तरकारी, अचार सहित) | २०० |
| ५. | भेज मःम प्रति प्लेट(१० पीस) | ६० |
| ६. | चिकन म.म प्रति प्लेट(१० पीस) | १०० |
| ७. | फलफूल सेट प्रति प्लेट | ८० |
| ८. | भेज चाउमिन प्रति प्लेट | ३० |
| ९. | अण्डा चाउमिन प्रति प्लेट | ५० |
| १०. | चिकन चाउमिन प्रति प्लेट | ८० |
| ११. | पनीर चाउमिन प्रति प्लेट | ८० |
| १२. | समोसा मटर प्रति प्लेट (दुई समोसा र मटर) प्रति समोसा रु.१० | २५ |
| १३. | भेज पकौडा प्रति प्लेट (३ पिस) | २० |
| १४. | पनीर पकौडा प्रति प्लेट ( ३ पिस) | ५० |
| १५. | खाजा पैक (२ वटा समोसा, १ मिठाई र नमिकन) | ६० |
| १६. | लड्डु प्रति पीस | २० |
| १७. | पेडा प्रति पीस | २५ |
| १८. | लालमोहन र नमकीन | २५ |
| १९. | रसभरी र नमकीन | २५ |
| २०. | दुधमलाई | ४० |
| २१. | गाजर हलुवा | ४० |
| २२. | सुजी हलुवा | ३० |
| २३. | आलु पराठा प्रति पिस | २० |
| २४. | दुध चिया प्रति गिलास | १५ |
| २५. | कालो चिया (लेमन टी) | १० |
| २६. | मिल्क कफी प्रति कप | २५ |
| २७. | लस्सी प्रति गिलास | ६० |
| २८. | अण्डा चिउरा | ३५ |
| २९. | चना, आलु र चिउरा सेट | ५० |
| ३०. | चना प्रति प्लेट | २५ |

संजय कुमार ...
राजस्व शाखा

...प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिष्णुपुर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| ३१. | अण्डा प्रति पिस उमालेको | २० |
| ३२. | मासु चिउरा (ब्रोईलर चिकेन) | ९० |
| ३३. | लोकल चिकन चिउरा | १५० |
| ३४. | दही चिउरा | ५० |
| ३५. | दही प्रति गिलास | ४० |
| ३६. | दूध प्रति गिलास | ३० |
| ३७. | जेरी प्रति पिस | १० |
| ३८ | पूरी प्रति पिस | ५ |
| ३९ | जेरी, चना र पुरी सेट | ६० |
| ४० | चिकन फ्राई प्रति प्लेट | १५० (८ पीस) |
| ४१ | चिकन बिरयानी प्रति प्लेट | १८० |
| ४२ | मटन बिरयानी प्रति प्लेट | २०० |
| ४३ | भुटुवा सेट | १२० |
| ४४ | माछा फ्राई सेट प्रति पिस ३० | १२० (४ पीस) |
| ४५ | माछा ग्रेभी प्रति पीस ३५ | १४०(४ पीस) |

शर्तहरुः

१. क्यान्टिनमा काम गर्ने सबै कर्मचारीहरुले अनिवार्य रुपमा क्यान्टिन पोषाक लगाउनु पर्नेछ ।

२.दरभाउ पत्र पेश गर्दा क्यान्टिन भाडा वापतको न्यूनतम मासिक रकम रु.३०००/- लाई आधार मानी बोल कबोल गर्नुपर्नेछ।मूल्यांकन गर्दा भाडा वापत पेश गरेको रकमको भार ३० प्रतिशत मेनु दरलाई ७० प्रतिशत भार मानी मूल्यांकन गरिनेछ ।यो ठेक्का मिति २०८५ असार मसान्त सम्मका लागि मान्य हुनेछ।

३.मूल्यांकन आइटम वाइज भन्दा पनि एकमुष्ठ रुपमा कम हुनेलाई आधार मानी मूल्यांकन गरिनेछ ।

४.दरभाउपत्रमा सहभागी हुन ईच्छुक दरभाउपत्रदाताले कबोल अंकको ५ प्रतिशत धरौटी यस कार्यालयको धरौटी खाता नं ११०CA५००१४८१६००४ नगद दाखिला गर्नु पर्नेछ ।

५.क्यान्टिन संचालन गर्दा सम्पूर्ण आइटमहरु क्यान्टिन भित्र नै तयार गरी उपलब्ध गराउनुपर्नेछ ।

६. विद्युत खर्चको हकमा सब मिटरमा आउने बिल अनुसार क्यान्टिन संचालकले गाउँपालिकालाई बुझाउनु पर्नेछ ।

७.क्यान्टिन संचालकले पर्यास रुपमा संचालनार्थ जनशक्तिको व्यवस्थापन गर्नुपर्नेछ ।

८.झिंगा भन्केको बासी, सडेगलेको, तथा कम गुणस्तरको खाद्य पदार्थ विक्री वितरण गर्न पाइनेछैन ।

९.क्यान्टिन संचालकले खाजा नास्ता पकाउदा ताजा तेल प्रयोग गर्नु पर्नेछ ।

१०.मिति २०८०/५/१३ गते सम्म रु.१००० दस्तुर तिरी कार्यालय समय भित्र दरभाउपत्र खरिद गर्न सकिनेछ ।

११.दरभाउपत्र १६ औं दिन दिउसो १२ बजे भित्र यस गाउँपालिकामा आई दर्ता गरिसक्नुपर्नेछ ।सो दिन बिदा परेको खण्डमा त्यसको भोलिपल्ट दर्ता हुनेछ ।

१२.गाउँपालिकाका कर्मचारीहरुका लागि जुनसुकै समयमा भनेको बखतमा खाना तथा खाजा उपलब्ध गराउनुपर्नेछ ।

१३.महंगीको अवस्थालाई मध्यनजर गरि गाउँ कार्यपालिकाको निर्णय अनुसार वार्षिक रुपमा दरहरु परिमार्जन गर्न सकिनेछ ।

१४.क्यान्टिन भित्र मादक पदार्थ,सुर्तीजन्य पदार्थ, चुरोट,गुटखा, पान,खैनी हरु बिक्री बितरण तथा सेवन गर्न गराउन पाईने छैन।

१५.क्यान्टिन र त्यस भित्र रहेको चर्पी र वरिपरि हुने फोहोरमैलाको व्यवस्थापन एवम सरसफाई क्यान्टिन संचालकले नियमित गर्नु पर्नेछ ।

१६. दररेट पेश गर्दा सूचनामा उल्लेख भएको भाडा दर भन्दा घटी र खाजा नास्ताको तोकेको दर भन्दा बढी पेश गर्न पाइने छैन ।

१७.सम्झौताका बखत रकम रु ३००००(अक्षरुपी रकम तीस हजार मात्र) बैंक जमानत वापत धरौटी खातामा र १ वर्षको हुन आउने किस्ता रकम यस कार्यालयको राजस्व खातामा दाखिला गर्नु पर्नेछ ।किस्ता रकम वर्षिक रुपमा श्रावण महिनाको पहिलो हप्ता भित्र दाखिला गर्नुपर्नेछ ।

१८.स्वीकृत मेनूको दर सेवाग्राहीले देखिने ठाउमा टासिनु पर्नेछ ।

१९. खाजा, खाना र नास्ता तोकिएको परिमाण ,गुणस्तरीय हुनु पर्नेछ र शर्त बमोजिम क्यान्टिन संचालन गर्नुपर्ने छ,अन्यथा जुनसुकै बेला सम्झौता रद्द गर्न सकिनेछ ।

२०.यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

संजय कुमार पासी
राजस्व शाखा प्रमुख

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत